हरेक क्षण हरेक दिन मात्र कृषि समाचारको लागि www.krishionline.com

नेपालको पहिलो

# कृषि साप्ताहिक

Nepal's First Agriculture Weekly

● वर्ष ५ ● अङ्क ६ ● २०७३ भाद्र १३ गते सोमबार ● Aug 29, 2016 मूल्य रु.१०-




कृषिको लगानी पारदर्शि बनाऔं, परम्परागत होइन व्यवसायिक बनौं, कुराको खेती होइन, खेतीको कुरा गरौं ।

## कहिले सुध्रेलान् ?

काठमाडौं । आफ्नो आङ्मा भैसी नदेख्ने अर्काको आङ्मा भने जुम्रा पनि देख्ने भन्ने नेपाली उखान नेपाल सरकारका उच्च पदमा आसिन व्यक्तिको जीवनमा लागू हुन्छ भन्यो भने कसैले नपत्याउन पनि सक्छन् ।



सत्य तितो हुन्छ र सत्यले जित्छ पनि । तर सत्यलाई नै असत्य सावित गर्न खोज्ने पशुपन्छी विकास मन्त्रालयका सचिव डा. कृष्णाचन्द्र पौडेल भने आफ्नो जीवनमा माथि उल्लेखित उखानलाई नै चरितार्थ गर्न खोजिरहेको छन् । वन मन्त्रालयमा रहंदा रडाको मच्चाएका यी सचिवलाई वातावरणबाट बनमा सरुवा गर्ने चांजो पांजो गरिरहंदा बन मन्त्रालयका कर्मचारीहरुले प्रधानमन्त्री कार्यालयमा गएर दवाव नै दिए । पौडेललाई बन मन्त्रालयमा सरुवा गरे मन्त्रालयको काम ठप्प पार्ने चेतावनी पनि दिए । त्यही भएर होला नयां त्यस बेलाको सरुवामा भर्खरै बनेको नयां मन्त्रालयमा सचिव पौडेल आईपुगे ।

डा. कृष्णाचन्द्र पौडेल पशुपन्छी विकास मन्त्रालयमा आएपछि मन्त्रालयमा धेरै आमूल परिवर्तन नै हुन्छ कि भन्ने आशामा रहेको कर्मचारी पछिमात्र निराश बन्न थाले जव सचिव पौडेलले कर्मचारीहरुलाई तुच्छ शब्दले गाली गर्ने र कुनै पनि कामको जस नदिने कामको थाली गरे । लप्सीमा विद्यावारिधी गरेका पौडेल आफूभन्दा मुनि (सहसचिव स्तर) का कर्मचारीलाई समेत वांकी राखेनन् । पशुपन्छी विकास मन्त्रालयमा उनले कमाएको सम्पत्ति नै कर्मचारीहरुलाई गाली गर्ने र जस्तो सुकै कार्यक्रम गरेपनि राम्रो भयो भन्न नजान्ने रह्यो । मुखले एउटा र व्यवहारमा अर्को गर्ने सचिव पौडेलका कारण नै पशुपन्छी विकास मन्त्रालय जुन गति लिनु पर्ने हो त्यो लिन सकेको छैन । पशुपन्छी विकास मन्त्रालयका उच्च अधिकारी समेत सचिवको निर्देशन मान्नलाई पनि तीन पटक सोचेर मात्र निर्णय लिने अवस्थामा पुगेका छन् ।

आगामी माघ २ गते स्वत अवकाश प्राप्त हुन लागिरहेका पशुपन्छी विकास मन्त्रालयको सचिवको कार्यशैलीबाट मन्त्रालयमात्र होइन मातहतका कार्यालयका कर्मचारीहरु समेत दिक्क वांकी पेज ३ मा

## त्रिवेणी ग्रुपबाट असुल गर्छ सरकारले १० करोड

TRIVENI group

विस्तृत पेज ३ मा

- २०५७ सालमा बार्षिक १ करोडा ५८ लाख तिर्ने सम्झौता गरेर बगान त्रिवेणी ग्रुपले आफ्नो हातमा पारेको थियो ।
- त्रिवेणी ग्रुपले सरकारलाई बगान सञ्चालन गरे वापतको साँवा रकम मात्र १० करोड तिर्नु पर्ने छ ।
- सरकारका उच्च अधिकारीहरुलाई आर्थिक प्रलोभनमा पारेकै कारण त्रिवेणीले अहिलेसम्म रकम नतिरेको हो ।

## भ्याली कोल्ड स्टोरको मासु पनि शंकाको घेरामा ?

काठमाडौं । केही साता अगाडि कृषि सचिव उत्तमकुमार भट्टराईले भारतीय नाकाबाट क्वारेण्टाइनमा चेक जांच नै नगरी खाद्यान्न भित्रिरहेकाले त्यसलाई रोक्नु पर्ने र भन्सार कार्यालयले क्वारेण्टाइनका कर्मचारीहरुबाट प्रमाणित गराएर मात्र खाद्य सामग्री आयात गर्नु पर्ने अडान राखेकै कारण अहिले भन्सार कार्यालयले पशु तथा कृषिका क्यारेण्टाइनका कर्मचारी राख्ने मौखिक सहमति दिएको बताइएपनि अझै नाकामा त्यस्ता प्राविधिक कर्मचारीलाई काम गर्न दिएको छैन । तर नेपालभित्रैबाट एक जिल्लाबाट अर्को जिल्लामा पशुपन्छी ओसार पसारका लागि दिइने अनुमति पत्र (भेटेरिनरी प्रमाणपत्र) नै नक्कली बनाई लामोसमयदेखि पशुपन्छी काठमाडौंमा भित्रिरहेका छन् भन्ने प्रमाणित भएको छ ।



पशुपन्छीको स्वास्थ्य परिक्षण गरी स्वस्थ पशुपन्छीलाई मात्र काठमाडौं भित्रयाउन त्यस्ता प्रमाणपत्रका आधारमा पशुपन्छी भित्रिने गरेको भएपनि विगतदेखि नै नक्कली भेटेरिनरी प्रमाणपत्रका आधारमा पटक पटक मरेका वा रोग लागेका पशुपन्छी काठमाडौं भित्रिएको अनुमान गरिएको छ । काठमाडौं उपत्यकामा मासुजन्य प्रयोजनका लागि नुवाकोटबाट काठमाडौं वांकी पेज ३ मा

बि.टि.एल्. कम्पनीका पावर टिलर तथा मिनी टिलरबाट खेती गरौं, कम खर्चमा अत्यधिक उत्पादन बढाऔं।



# कागजी रुपमा भारित प्रगतिले कृषिको विकास हुन्न

कृषि विकास मन्त्रालयले हरेक बर्षको तेस्रो चौमासिक पश्चात गर्ने गरेको समिक्षा हेर्ने हो भने नेपालको कृषि क्षेत्र आत्मनिर्भर भईसक्नु पर्ने देखिन्छ। प्रशस्त भारित प्रगति हरेक बर्ष देखाउन सक्ने कर्मचारीतन्त्रले उत्पादकत्व बृद्धि भएको ठोस प्रमाण भने देखाउन सक्ने अवस्थामा छैनन्। कृषि विकास मन्त्रालयले विभिन्न खालको मिसन कार्यक्रमहरु सञ्चालन गरेको भएपनि ती मिसन कार्यक्रमहरु अधिकांश कागजमा मात्र सफल भएको देखिन्छ। केवल मिसनका लागि कार्यक्रम तर्जुमा गर्ने हो र त्यसबाट कुनै उपलब्धी लिन नसक्ने हो भने नेपालको कृषि क्षेत्रको आगामी पांच बर्षभित्रमा ८० प्रतिशत परनिर्भर हुने पक्का देखिएको छ। विगत पांच बर्षको कृषि विकास मन्त्रालयको प्रगति हेर्ने हो भने भने कृषि क्षेत्रले आमूल परिवर्तन गर्नु पर्ने थियो। तर, नेपालको कृषि क्षत्रे जहांको त्यही छ। हरेक बर्ष कृषि विकास मन्त्रालयको बजेट बढ्दो क्रममा छ। यद्यपी उत्पादकत्व दर भने घट्दो छ।

गत बर्ष कृषि विकास मन्त्रालयबाट पशुपन्छी विकास मन्त्रालय विभाजन पश्चातको अवस्थालाई हेर्ने हो भने कृषि विकास मन्त्रालयले चालु आर्थिक बर्षका लागि प्रशस्त बजेट हात पार्न सफल भएको देखिन्छ। बजेट अनुरुप कार्यक्रम कार्यान्वय गर्न सक्ने हो भने कृषि क्षेत्रमा लागेका हरेक किसानहरुले परम्परागत होइन व्यवसायिक कृषि नै गर्न पुग्थ्यो होला ! अनि आफूलाई व्यवसायिक किसान भनेर परिचित गराउन पनि सक्थे होला ? नेपाल सरकार कृषि विकास मन्त्रालयले तयार गरेको योजनाहरु अधिकांश अनुदानरुपी भएकै कारण कृषि क्षेत्र धरासायी हुन गईरहेको त छैन ?

के अहिले कृषि विकास मन्त्रालयले चालु आर्थिक बर्षका लागि तयार गरेको योजनाहरु कार्यान्वयन हुने खालका छन् ? विगतमा तयार गरिएका योजनाहरुले कागजी रुपमा कार्यान्वय भएको देखाई बजेट सिध्याएर भारित प्रगति गरेको कार्यपत्र प्रस्तुत गरेजस्तै जिल्ला जिल्लामा गएका बजेट र बांडिएका अनुदान रकम बमोजिम कृषि उत्पादन भयो त ? पक्कै पनि भएको छैन। कमिशनमुखि अनुदान, कागजी भारित प्रगति एवं रिपोर्टमुखि उत्पादकत्व बृद्धिका कारण नेपाली कृषि क्षेत्र दिनप्रतिदिन धराप बन्दै गईरहेको देखिन्छ। कृषि क्षेत्रको यो बेहाल अवस्थाबारे नसोच्ने हो भने कृषि प्रधान देश भन्दै किसान प्रधान देशमा गणना हुने पक्का छ। ■


## *आफ्नै सूचना*

***नेपालको पहिलो कृषि साप्ताहिक**का रूपमा प्रकाशित कृषि साप्ताहिकमा तपाइँका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ।*

**सम्पर्क**

**कृषि साप्ताहिक, पुतलीसडक**

इमेल : sajnepal@gmail.com

web: www.krishionline.com


# अजोला : चमत्कारी हरियो घास तथा पशुहरुका लागी उपयुक्त आहारा



डा केदार कार्की

कृषि र पशुपालनको हाम्रो परिवेशमा नङ र मासुको सवन्ध छ। तर दुर्भाग्यवश पशुपालन प्रति कृषकको आर्कषण घट्दो क्रममा छ। यस्को मुल कारण पशुमा हुने कम उत्पादकता मानिन्छ , यस्को मुख्य कारण बर्षमा कम्तीमा आठ महिना जति यी पशुहरुलाई अपौष्टिक सुकेको घास पराल मात्र उपलब्ध हुने गर्दछ। गएको केही बर्ष यता लगातार खडेरी तथा बाढीले पशुपालनलाई अपौष्टिक सुकेको घास पराल मात्र उपलब्ध हुने गर्दछ।खडेरी तथा बाढीले पशुपालनलाई धेरै प्रभावित गरेको छ यस्तो वेला सधैं पशु आहारको कमीको धेरै अनुभूति हुने गर्दछ यस्तो वेला कृषकहरुले आफ्ना पशुहरुलाई बिहान बेलुका गहुंको भुस या धानको पराल मात्र खुवाउने स्थितिमा हुन्छन्। जस्मा पाचनशील प्रोटिनको मात्रा लगभग शुन्य हुन्छ हरिया पोषिलो घासको सधैं अभाव हुने गर्दछ यस्तो बेला एउटा चार सय केजीको गाइलाई २५० ग्रम पाचनशील प्रोटिन तथा ३ केजी कुल पाच्य पर्दाथको आवश्यकता पर्दछ जुन सुकेको धानको पराल गंहुको भुसबाट कहिले पनि पुरा हुन सक्तैन यस्को लागि १.५ देखि २ केजी दाना दिनु पर्ने हुन्छ। दाना महंगो पर्ने हुदा कृषक बजारबाट खरिद गर्न असर्मथ हुने गर्दछन्। यस्को कारणले गर्दा पशुहरुमा बढदो कुपोषणको समस्याले गर्दा पनि पशु उत्पादन घट्दो क्रममा छ। जस्ले गर्दा पशुपालन एउटा घाटाको व्यवसाय बन्दै गइरहेको छ अनि कृषकको रुचि पशुपालन प्रति घट्दै गइराखेको छ।

पशुपालन आहाराको विकल्पको खोजीमा एजोला ( उनीउ उन्यु ) एउटा चमत्कारी सदाबहार आहारको रुपमा उपयोगी हुन सक्छ। दुधको बढ्दो माग तथा बढ्दो उत्पादन लागतलाई दृष्टिगत गर्दा पशुपालनलाई फाइदाजनक बनाउनको लागि उन्युलाई हरियो घासको रुपमा पिनाजन्य प्रोटिन श्रोतको रुपमा प्रयोग गर्न सकिन्छ। शुष्क तौलको आधारमा यसमा २५-३५ प्रतिशत प्रोटिन १०-१५ प्रतिशत खनिज लवण तथा ७-१० प्रतिशत अमीनो अम्ल तथा जैविक सकृय पर्दाथ हुन्छ।

यसको उच्च प्रोटिन तथा लिगनीन निम्नताले पशुले सजिलै पचाउन सक्छन् यस्मा आवश्यक अमीनो अम्ल भिटामिन ए भिटामिन १२ विकास वर्धक सहायक तत्व एव क्यालसियम फस्फोरस पोटासियम, फेरस कपर मैग्नेशियम भरपुर मात्रामा हुन्छ जस्ले पशुको प्रतिरक्षा तन्त्र वलियो बनाई रोगबाट बचाउन्छन्।

के हो अजोला ( उनीउ , उन्यु )

अजोला पानीमा हुर्किने सानो प्रकारको विरुवाको प्रजाती मानिन्छ जसलाई बैज्ञानिक भाषामा फन ( Fern ) भनिन्छ। यसको विशेषता यो छ कि यो बिरुवा अनुकुल बातावरणमा पनि ५ दिनमा नै दुइ गुना बढदछ यसमा ३.५ प्रतिशत नाइट्रोजन तथा धेरै किसिमका महत्वपुर्ण कार्वनिक पर्दाथ हुन्छन् जस्ले जमीनको उर्बरक शक्ति बढाउछ।

अजोला खुवाउनाले हुने लाभ :

अजोला सस्तो सुपाच्य , पौष्टिक पुरक पशु आहारा मानिन्छ यसलाई उत्तम पौष्टिक आहाराको रुपमा बिकसित गर्न सकिन्छ। बैज्ञानिक प्रयोग द्बारा यो पाइएको छ कि जव दुधालु पशुलाई यो आहाराको रुपमा प्रतिदिन १.५-२ केजी प्रतिदिन दिदा दुध उत्पादनमा १५-२० प्रतिशत बृद्धि भएको पाइको छ। यस्को साथै दुधको गुणस्तरको साथ साथै पशुको शारीरिक विकाशको लागि अजोलाको प्रयोग पशु आहाराको रुपमा गर्न सकिन्छ। कुखुराको आहारामा यस्को प्रयोग गर्नाले ब्रोयलर यसको शारीरिक तौल बढ्ने तथा फूल पार्ने किसीमका कुखुरामा फूल उत्पादनमा बृद्धि गराउने हुदा कुखुराको दाना आहारामा भविष्यमा यो एउटा राम्रो विकल्प हुने संभावना वोकदछ। गाउं घर तथा आगन अनि बारीमा यो बिरुवा सजिलै उत्पादन गर्न सकिन्छ पशुमा हुने बाझोपनमा यो बिरुवा सहयोगी मानिन्छ पशुहरुको पिसाव आउनु सामान्य मानिन्छ यो रोग फस्फोरसको अल्पताका कारण हुने गर्दछ जवकी अजोलामा यो तत्व प्रचुर मात्रामा पाइने हुदा यस्तो अवस्था निवारण गर्न उपयोगी सिद्ध पाइएको छ। अत: अजोलाको संरचानाले यसलाई अत्यत पौष्टिक तथा सजिलै पाचनशील आर्दश पुरक पशु आहारा बनाउछ। यो घांस गाइ, भैसी, भेडा ,बाख्रा, कुखुरा, खरायो आदिको लागि एउटा आहारा सिद्ध हुनसक्छ।

**अजोला घांस उत्पादन विधि :**

एउटा छायादार छाउमा २ मिटर लामो २ मिटर चौडाइ तथा ०.२ मिटर खाल्डो खन्नु पर्दछ। यसलाई प्लास्टिक सीटले छोप्नु पर्दछ। सिमेन्टको टयांकीमा पनि लगाउन सकिन्छ यस्तोमा प्लास्टिक सीट राख्नु जरुरी हुदैन सकभर परावैगनी किरणेधि पोलीथीन प्रयोग गर्नु पर्दछ। प्लास्टिक सीट सिलपोथीन एक किसीमको पोलीभिन तारपोलीन हो जस्ले प्रकाशको पराबैगनी किरणको लागि प्रतिरोधी क्षमता राख्दछ। करिव१०-१५म केजी माटो खाल्टामा हाल्नु पर्दछ २ केजी गोवर अनि ३० ग्राम सुपर फोस्फेट १० लिटर पानीमा मिसाएर खाल्टोमा हाल्नु पर्दछ। पानीको तह सेमिसम्म हुनु पर्दछ। ५०० ग्राम देखि १ केजी सम्म अजोलाको बीउ खाल्टोको पानीमा हाल्नु पर्छ। अजोला धेरै चाडै बढ्ने हुदा १०-१५ दिन भित्रमा पुरै खाल्टोमा फैलिन्छ त्यस पछि प्रतिदिन ८००-१२०० ग्राम अजोला निकाल्न सकिन्छ। प्रत्येक पाचदिनमा एक पटक २० ग्राम सुपर फस्फेट तथा १ केजी गोवर खाल्टोमा हाल्नाले अजोला चाडै फस्टाउछ। १.५-२ केजी अजोला नियमित दाना आहारा साग पशुलाइ खुवाउन सकिन्छ।

**अजोला खुवाउने विधि :**

अजोला खुवाउनु भन्दा पहिला १ सेमि प्वाल भएको चाल्नोमा राख्नु पर्दछ ताकी पानी पुरै निथ्रियोस चाल्नोलाई बाल्टिन माथि राखी अजोलालाई राम्रोसंग पखाल्नु पर्छ जस्ले गर्दा गोवरको गन्ध हराएर जाओस बाल्टीनमा संकलन भएको पानी फेरी खाल्टोमा हाली दिने यसरी प्राप्त भएको अजोलालार्य पशुको दाना घास परालमा मिसाएर खुवाउनु पर्दछ।

अजोला उत्पादन गर्दा ध्यान दिनु पर्ने कुरा :

अजोलाको छिटो बढ्ने र दुइ गुना हुने न्युनतम समय कायम गर्न यसलाई करीव २०० ग्रामका दरले काटनु आवश्यक हुन्छ प्रतिदिन उपयोगीको लागि। बेला बेलामा गाइको गोबर तथा सुपर फोस्फेट हाल्ने गर्नु पर्छ जस्ले गर्दा यो घास छिटो छिटो बढोस। अजोला तयार गर्न ३० डिग्री सेन्टीग्रेटतापमान उचित मानिन्छ यस भन्दा बढी तापमान बढ्न नदिन अजोला उत्पादन गर्ने ठाउं छायादार हुनु पर्छ। अजोला तयार पार्ने खाल्टोको पि.एच वेला वेलामा जाच गरिनु पर्दछ र यो पि.एच ५५ देखि ७ को बीचमा हुनुपर्दछ। प्रत्येक ३० दिनको फरकमा अजोला तयार गरिने खाल्टो बाट ५ केजी माटो निकाली नयां माटो साटफेर गर्नु पर्दछ जस्ले गर्दा नाइट्रोजनको अधिकता तथा अन्य लघु खनिजको अल्पता बगाउन सकियोस प्रत्येक १० दिनको फरकमा एक पटक अजोला तयार पारीने खाल्टोबाट २०-३० प्रतिशत पानी ताजा पानीसग साटफेर गर्नुपर्दछ ताकी नाइट्रोजनको अधिकता हुनबाट बचाउन सकियोस। प्रत्येक ६ महिनामा अजोला तयार गरीने खाल्टो पुरै खाली गरी सफा गरीनु पर्दछ तथा नया पानी गोवर तथा अजोलाको विउ हाल्नु पर्दछ।

अजोला उत्पादन गर्दा आउने सामान्य समस्याहरु र निराकरण :

अजोलाको विकाशको गति सुस्त भएमा सामान्यतया निम्न कारण मध्ये एक हुन सक्दछ। फास्फोरसको अल्पता या तापमानको अधिकता या सुर्यको कडा तेज प्रकाश हुन सक्छ।

फोसफोरसको अल्पता :

फोस्फोसरको अल्पता भएमा प्रतिहप्ता ५ केजी प्रति हेक्टरका दरले मोनो अमोनियम फस्फेट ( १६-२०-०) या सुपर फस्फेट ( ०-१८-०) खाल्टोमा हाल्नु पर्छ तापमानको अधिकता तीव तथा सुर्यको प्रकाश कडा भएमा तापक्रम वढि भएमा अजोला खैरो या रातो हुदै गुलावी रगको हुन्छ तथा सुर्यको तेज प्रकाश परेमा अजोलालाई रातो चम्किलो रगको वनाउछ। अजोलाले यसरी रग वदलिदा क्लोरोफिनको मात्रा कम हुन्छ तथा प्रकास सश्लेषण को कियाठिक प्रकारले हुन सक्तैन र अजोलाको बढ्ने क्रम सुस्त ढिलो हुनु गर्छ यसका निकारण को लागी अजोला उत्पादन गरीने ठाउा शीतल तथा छायांदार हुनु पर्दछ।

# त्रिवेणी ग्रुपबाट असुल गर्छ सरकारले १० करोड ?

काठमाडौं। घरानिया व्यापारीक समूह त्रिवेणी समूहले सरकारी स्वामित्वमा रहेको नेपाल चिया विकास निगमलाई सम्झौता बमोजिम बुझाउनु पर्ने १० करोड रुपैयां बुझाएको छैन। नेपालको अर्गानिक चियालाई अन्तर्राष्ट्रिय बजारमा विक्री वितरण गरेर करोडौं रुपैयाा नाफा लिने तर बगाउन सञ्चालन बापत सरकारलाई रकम नतिर्ने यस्ता ठूला कम्पनीलाई कार्वाहीको दायरामा ल्याउन किन सक्दैन सरकार।

२०५७ सालमा १ करोड ५८ लाख भाडा दिने शर्तमा सरकारसंग सम्झौता गरेपनि पछि सो रकम तिर्न नसक्ने भन्दै त्रिवेणी ग्रुपले फेरि सो भाडा घटाउन सफलभई बार्षिक १ करोड १५ लाख रुपैयाा दिने सहमति भएको देखिन्छ । तर घटाएको भाडा पनि त्रिवेणी समूहले तिरेको छैन। नेपाल चिया विकास निगमले चिया उत्पादनका गर्ने बगानको तिर्नु पर्ने भाडा हालसम्म पनि सावाा समेत नबुझाउंदा पनि सरकार मूक दर्शक बनेर बसेको छ । सरकार मूक दर्शक बनेर बस्नुको कारण सांघाई समूहले सरकारी उच्च अधिकारीहरुलाई आर्थिक प्रलोभनमा पारेको समेत बुझिएको छ । अर्थ मन्त्रालय श्रोतका अनुसार त्रिवेणी ग्रुपसाग चिया बगानको भाडा रकम माग्ना साथ साचो बुझाएर धक्याउने गरेको समेत बुझिएको छ। सरकारको स्वामित्वमा रहेको बगानको चिया बेचेर पैसा कमाउने तर कमाएको रकम राज्यलाई नतिर्ने यस्ता कम्पनीलाई सरकारले कार्वाही गर्न सकिरहेको छैन । क्रान्तिकारी अर्थमन्त्री कृष्णबहादुर महराले राज्यको सम्पत्ति दोहन गरेर राजश्व नतिर्ने त्रिवेणी ग्रुपलाई कार्वाही गर्ने आाट गर्लान् ?

# कानून विपरित संकलन गरेको टुसाबाट प्रशस्त आम्दानी

लमजुङ। निगालोको टुसाबाट आम्दानी राम्रो हुने भएपछि जिल्लाको उत्तरी तथा पुर्वी ग्रामीण भेगका बासिन्दालाई अहिले भ्याइनभ्याइ छ। वर्षायामको अन्त्यतिर जङ्गलमा पाइने निगालोको टुसाको माग धेरैभएकाले टिप्न र बिक्री गर्न उनीहरूलाई हतारो भएको हो ।

गाउाबाट ल्याएको टुसा बिक्री गर्न कुनै कोठा या ठेला भाडामा लिनै नपर्ने डोकामा ल्याउादै गर्दा बाटोमै सकिने हुादा सदरमुकाम बेसीशहरसम्म पनि नआइपुग्दै टुसा सकिएर फर्किनुपरेको विक्रेताहरूको भनाइ ।

"टाढाबाट ल्याउनुपर्छ, डोकोभरी ल्यायो बाटोमै सकिन्छ" टुसा बिक्रेता काशी गुरुङ भन्छन् । "कतिपय चिनेजानेकाको मन राख्न पनि मुस्किल भएको छ ।" बजारका व्यापारीले एकैचोटी खरिद गर्न चाहे पनि व्यापारीसम्म पनि पुग्न पाइएको छैन । बजारमा ल्याउने बित्तिकै एकैछिनमा टुसा बिक्री हुने हुनाले स्थानीय व्यापारीले चाहेर पनि यसको व्यापार गर्न सकेका छैनन् । "ल्याउादा ल्याउादै बाटोमै सकिन्छ, हामीले के व्यापार गर्नु ?" तरकारी व्यवसायी विसन श्रेष्ठ भन्छन् "यो याममा व्यापार हुने भनेकै टुसा हो त्यो हामीकहां आइपुग्नु भन्दा अघिनै खुद्रा ग्राहकले छोपिसक्छन ।"

सहरी क्षेत्रमा टुसाको अत्याधिक माग भएकोले टुसा भांच्न ग्रामीण भेगका बासिन्दाको जङ्गलमा यतिबेला भीड नै लाग्ने गर्दछ । दुईहजारदेखि चार हजार मिटर उचाइका भिरमा पाइने निगालोको टुसा ग्रामीण भेगका बसिन्दाका लागि आम्दानीको राम्रो स्रोत बनेको छ ।

अहिले बेसीशहर लगायतका बजारमा आउने टुसा करिब १६ सय मिटरदेखि तीन हजार मिटरसम्मको उचाइमै पाइन्छ । टुसा भांच्नका लागि खर्क/खर्कमा रहेका गोठमा अहिले गाउंका सर्वसाधारणको भीड लागेको छ । गोठमा जाने भनेर गएका कतिपय भने गोठमा नअटेपछि ओडारमा समेत रात बिताउन बाध्य छन् । अधिकांशले टुसा मनपराउन थालेकाले अहिले यसको व्यापार पनि लमजुङमा फस्टाउंदै गएको हो । बाहिरबाट आएका पर्यटक या अन्य पाहुना प्रायले टुसाको तरकारी मनपराउने होटल व्यवसायी बताउछन् । "पाहुना टुसाको तरकारी चाहन्छन्, हाम्रो परिवारमा पनि सबैलाई टुसा मनपर्ने हुंदा प्राय यो याममा टुसाकै तरकारी बनाउछौ," बेसीशहरका होटल व्यवसायीले गत वर्ष ४० रुपैयाादेखि ५० सम्म बिक्री भएको टुसा यसवर्ष लमजुङमा ६० रुपैयादेखि ७० सम्ममा बिक्री भएको छ । टुसाको बिक्रीबाट नजिकिदो दसैमा खर्चको जोहो समेत हुने टुसा व्यापारी बताउंछन् । लमजुङको 'टुसा' भारत र खाडी मुलुकबाट माग हुने आउने गरेको छ । तर माग भएपनि स्थानीय बजारमा पुऱ्याउन मुस्किल परेकाले विदेश पठाउन नसकिएको उनीहरूको भनाइ छ ।

उत्तरी लमजुङको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापको संरक्षण क्षेत्रभित्र पर्ने भुजुङ, उत्तरकन्या, सिम्पानी, खुदी, घनपोखराका एकजनाले दैनिक पांचसयदेखि एक हजारसम्मको टुसा भांच्ने गर्दछन् । भुलभुले, उस्ता, बन्सार, घेर्मु, जगत र उत्तरपश्चिम लमजुङको भुजुङ, पसगाउ, घनपोखरालगायत गाविसका जङ्गलमा पनि टुसा प्रशस्त मात्रामा पाइन्छ । प्रायः गरेर बर्खायाममा जेठदखि असोज महिनासम्म जङ्गलमा टुसा उम्रिन्छ ।

कानुनतः 'टुसा' सङ्कलन र निकासी गर्न पाइदैन । यसैलाई आधार बनाएर अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र सामुदायिक वनले बेलाबेलामा अवैध वनस्पतिको ओसारपसार र बिक्री वितरणमा रोक लगाए पनि सङ्कलनकर्ता घट्नुको सट्टा झन् बढेका छन् ।

# लोपोन्मुख बाली संरक्षणका लागि बीउ बैंक

**म्याग्दी । हाईब्रिड बीउले किसानहरुमा आकर्षण बढ्दै जांदा स्थानीय स्तरका बालीहरु लोप हुने खतरा बढ्दै गएको देखिन्छ । स्थानीय जातका बालीहरुलाई समेत सुरक्षित गर्ने उदेश्यले लोपोन्मुख बाली संरक्षणका लागि म्याग्दीको बगरफाटमा पहिलोपटक चेतना सामुदायिक बीउ बैंक स्थापना गरिएको छ । जिल्ला कृषि विकास कार्यालय म्याग्दीले धान, मकै, गहु, कोदो, भटमास, बोडी, घिरौंला, सागलगायतका खाद्य बालीको बीउ बैंक स्थापना गरेको हो । स्थानीयस्तरमा भएका तथा अन्य जिल्लाबाट सङ्कलन गरी बैंक स्थापना गरिएको चेतना सामुदायिक बीउ बैंक स्थापना गरिएको बीउ बैंकका अध्यक्ष जीतबहादुर कार्कीले बताएका छन् । उनका अनुसार उपभोक्तामुखी बाली प्रजननद्वारा विकसित नयाा धान तथा कोसेबालीको जात प्रवर्द्धनका लागि बीउ बैंक स्थापना गरिएको हो । जसमध्ये अधिकांश स्थानीयस्तरमा पाइने भए पनि लोपोउन्मुख अवस्थामा रहेका छन् । स्थानीयस्तरमा उपलब्ध हुनसक्ने तर लोपोन्मुख अवस्थामा रहेका धान तथा अन्य बालीको प्रवर्द्धनका लागि एउटा छुट्टै भवन स्थापना गर्न लागिएको संस्थाले जनाएको छ ।**

**जिल्ला कृषि विकास कार्यालय र समुदायको गरी रु ६ लाख बराबरको लगानीमा बीउ बैंकका लागि यसैवर्ष भवन निर्माण थालिने बताइएको छ ।**

# मकैको बीउ उत्पादन जानकारी लिन अनुगमन

भोजपुर । सरकारी कार्यालयले वितरण गरेको मकैको बीउमाथि शंका उब्जाउंदै बिजवृद्धि सहकारी संस्था लिमिटेड सिद्धेश्वर-५ भोजपुरले मकैको बीउ उत्पादन तथा प्रभावकारिताबारे अनुगमन गरेको छ ।

जिल्ला कृषि विकास कार्यालयले उपलब्ध गराएको मनकामना जातका मकैबारे सहकारीले शनिबारदेखि अनुगमन थालेको सहकारीका संयोजक शम्भु राउतले जानकारी दिएका छन् । सिद्धेश्वर गाविस तथा आसपासमा गरिएको अनुगमनमा अधिकांश मकैको उत्पादन सन्तोषजनक रहे पनि दुई सय रोपनी क्षेत्रफलमा ४० घरधुरीले लगाएको मकै गत भदौ ५ गते आएको हावाहुरीले पूर्ण रूपमा क्षति गरेको पाइएको उनले बताउए । सो संस्थाले कृषकको घरघरमा गई मकै उत्पादन भण्डारण व्यवस्थापन र शुद्धतासम्बन्धी सचेतनात्मक कार्यक्रमसमेत गरिरहरेको जनाइएको छ ।

## कहिले...

**भईसकेका छन् । ५८ बर्ष उमेर पुगिसक्दा पनि हुकुमी शासन लाद्न खोज्ने यी सचिव अवकाश हुन लाग्दा पनि उही पुरानै पारामा लागिरहेका छन् । विगतमा सचिव**
**पौडेलको व्यवहारबाट वाक्क भएका वन मन्त्रालयका एक उच्च अधिकारी घर बस्ने बेलामा पनि सचिव नसुध्रिने भए भन्दै दिक्क मान्न थालेका छन् । अरुलाई गाली गर्न भनेपछि एक कदम अगाडि रहेको यी सचिवको सुध्रिने दिन कहिले आउला ? अवकाश प्राप्त हुने दिन आईपुग्दा पनि नसुध्रिएका सचिव के अवकाश प्राप्त गरेपछि मात्र सुध्रन्छन् ? यसै हप्ता मन्त्रालयमा आयोजित समिक्षा सम्वन्धि कार्यक्रममा उनले मातहतका कार्यालयका प्रमुखहरुलाई सक्दो गाली गर्न भ्याए ? राजनीतिक नियुक्ति पाएका कार्यालय प्रमुखसंग केही बोल्न नसक्ने सचिव पौडेल निजामती सेवामा काम गर्ने कर्मचारीलाई भने उछितो काटे । सो समिक्षा गोष्ठिमा उनले केही कार्यपत्र बाहेक सवैलाई काम नलाग्ने कार्यपत्र भन्दै कर्मचारीलाई हप्काईरहेका थिए । उनको हप्काईले लाग्दथ्यो उनी कुनै निजी कम्पनीका मालिक हुन् र कामदारलाई गाली गरिरहेका छन् । - शोभना कार्की**

## भ्याली...

**भित्रिदै गरेका कुखुराको स्वास्थ्य परिक्षण गरिएका भन्दै नक्कली भेटेरिनरी प्रमाण पत्र अनुगमन टोलीले कब्जा गरेपछि यसको रहस्योद्घाटन भएको छ । विगतमा स्वस्थ पशुका नाममा नक्कली प्रमाण पत्र बनाएर पशुपन्छी विभत्रयाउने गरिएको यसले पुष्टि समेत गरेको छ ।**
**काठमाडौंमा कुखुराको मासु व्यवसाय गर्ने उत्कृष्ट कोल्ड स्टोरका रुपमा परिचित भ्याली कोल्ड स्टोरका नाममा आएका ४ सय ५० कुखुरा समेत नक्कली भेटरिनरी प्रमाण पत्रका बनाई भित्रयाईरहेको अवस्थामा बरामद गरिएको थियो । यसरी नक्कली भेटेरिनरी प्रमाणापत्र बनाई पशुपन्छी ओसार पसार किन भयो ? कसले नक्कली प्रमाणपत्र बनायो ? भन्ने कुराको छानविन गर्ने काम पशुपन्छी विकास मन्त्रालयले सम्वन्धित निकायको हो ? नेपाल भेटेरिनरी एशोसिएसन र महानगरी प्रहरी प्रभाग नागढुङ्गाको सहकार्यमा अनुगमनका क्रममा फेला परेको भेटेरिनरी प्रमाणापत्रमा अमेरिकामा रहेका डा सुभाष सिवाकोटीको नाममा रहेको दर्ता नं प्रयोग गरिएको पाइएको छ । सिवाकोटीको नाममा फर्जी प्रमाणपत्र बनाई पशुपन्छी ओसार पसार कार्यमा संलग्न हुनेलाई कार्वाही हुन्छ कि हुंदैन त्यो भने हेर्न वांकी छ ।**
**सवैको आंखामा चर्चित बनेको भ्याली कोल्ड स्टोर प्रालिले नुवाकोटबाट आयात गरी विक्री वितरण गर्ने गरेको कुखुरा स्वस्थ छ भन्ने प्रमाणपत्र नै अमेरिकामा तीन बर्षदेखि बस्दै आएका पशु चिकित्सकका नाममा नक्कली हस्ताक्षर र प्रमाणपत्रका आधारमा आयात गरी त्यसलाई स्वस्थ मासुका रुपमा विक्री वितरण गर्ने भ्याली कोल्ड स्टोर, निकासीगर्ने पोल्ट्री फार्म समेतलाई कार्वाही होला कि नहोला ? पशुपन्छी विकास मन्त्रालयको स्वस्छ र स्वस्थ मासु उपभोक्तासम्म पुऱ्याउने प्रतिवद्धता कहां पुग्ला कुन्नी ?**

"माटोको उर्वराशक्ति बढाऔं
कृषि उत्पादनको बृद्धि गरौं ।"
गुणस्तरीय साल्ट ट्रेडिङ्ग युरिया मल प्रयोग गरौं ।
युरिया
नाईट्रोजन ४६%
नेपाल सरकारद्धारा अनुदानित मल
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
कालिमाटी, काठमाडौं
फोन : ४२७१०१४
इमेल : trade@stcnepal.com

# कृषि मौसम सल्लाह सेवा बुलेटिन

**जारी मिति : १० भदौं २०७३**

अवधि : १० भाद्र २०७३ - १६ भाद्र २०७३

**लागि : बाँके, रुपन्देही, बारा जिल्ला**

(जारी गर्ने: PPCR/BRCH/AMIS Project, MOAd, AERD, NARC and Agro-met Section, DHM)

## मौसमी तथ्यांकहरु

### २८ साउन २०७३ देखि २ भाद्र २०७३ सम्मको मौसमी अवस्था

| मौसमी विवरण | जिल्ला | | |
|---|---|---|---|
| | बांके | रुपन्देही | बारा |
| कूल वर्षा (मि.मी.) | २९.६ | १०.७ | ७.० |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | ३३.०-३६.० | ३५.०-३७.७ | ३२.४-३५.६ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | २५.०-२६.६ | २५.०-२८.५ | २५.०-२७.० |
| अधिकतम सापेक्षित आर्द्रता (%) को दायरा | ९५.०-९८.४ | ७२-९९ | ७२-९२ |
| न्यूनतम सापेक्षित आर्द्रता (%) को दायरा | ६८.२-८४.३ | ५५-६५ | ६४-७२ |
| हावाको गति(मि/से)को दायरा | ०.०-३.० | १.७५-९.० | २.२५-८.० |
| हावाको दिशाको दायरा | उत्तर-दक्षिण-पश्चिम | उत्तर-पूर्व दक्षिण पूर्व | पूर्व-दक्षिण-पूर्व |

### ३ भाद्र २०७३ देखि ९ भाद्र २०७३ सम्मको मौसम विवरण

| विवरण | जिल्ला | | |
|---|---|---|---|
| | बांके | रुपन्देही | बारा |
| बर्षा (मि.मी) | ३.१ | ०.३ | २.७ |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | ३२.१-३५.७ | ३४.४-३७.६ | ३०.२-३६.५ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | २५.२-२७.० | २५.१-२८.४ | २४.६-२७.२ |
| अधिकतम सापेक्षित आद्रता (%) को दायरा | ९५.३-९८.५ | ७०-८० | ७५-८६ |
| न्यूनमत सापेक्षित आद्रता | ६२-७६ | ५५-६५ | ६०-७४ |
| हावाको गति फरक | १.०-४.० | २.७५-१२.२५ | १.०-७.५ |
| हावाको दिशा | उत्तर -दक्षिण पश्चिम | उत्तर -पूर्व- दक्षिणपूर्व | पूर्व-दक्षिण-पश्चिम |

## कृषि सल्लाह

**क) मौसम विश्लेषण :**

**गत हप्ताको समग्र मौसमी विश्लेषण (बाँके)**

**बाँके** : गत हप्ताको दिउंसोको तापक्रम ३५.७° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६२%) रह्यो।

**रुपन्देही** : गत हप्ताको दिउसोको तापक्रम ३७.६° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ५५%) रह्यो।

**बारा** : गत हप्ताको दिउँसोको तापक्रम ३६.५° सेल्सियस सम्म पुग्यो र न्यूनतम सापेक्षिक आर्द्रता ६०%) रह्यो।

गत हप्ताको मौसम पूर्वानुमान अनुसार बांकेमा (३.१ मि.मि.), रुपन्देहीमा (०.३ मि.मि.) र बारामा (२.७ मि. मि.) वर्षा भयो। साथै बाँके, रुपन्देही र बारामा अधिकतम तापक्रम अघिल्लो हप्तामा जस्तै रहयो।

**आउंदो हप्ताको मौसम अवस्था**

**(बाँके)**: साताभरि सुरुवातमा आंशिक बदली रहेन पनि साताको मध्यबाट अन्त्यसम्म पूर्ण बदली रहने सम्भावना छ। साताको शुरुवातमा छिटपुट बर्षा हुने सम्भावना छ भने साताको अन्त्यतिर सामान्य बर्षाको सम्भावना छ। साताको शुरुमा दिउंसोको तापक्रम ३५ सेन्टिग्रेडको हाराहारीमा रहने देखिन्छ भने साताको अन्त्यतिर बर्षाका कारण दिउसोको तापक्रममा केही कमी हुने देखिन्छ।

**(रुपन्देही)**: साताको शुरु तथा मध्यतिर आंशिक बदली भई साताको अन्त्यतिर पूर्ण बदली रहने सम्भावना छ। साताको मध्यबाट अन्त्यसम्म बर्षाको सम्भावना छ। दिउंसोको तापक्रम साताको मध्यसम्म बढ्ने क्रममा रहेर त्यसपछि स्थिर हुने देखिन्छ।

**(बारा)**: साताको शुरुवातमा मौसम सामान्य रहने देखिन्छ तर साताको मध्यबाट अन्तयसम्म बदली रही सामान्य बर्षाको पनि सम्भावना छ। साताको शुरुमा दिउंसोको तापक्रम ३३ सेन्टिग्रेडभन्दा माथि रहेपनि साताको मध्यबाट बर्षाका कारण दिउंसोको तापक्रममा केही कमी हुने देखिन्छ।

ख) बालीनाली

**धान** :

- सिंचित धानखेतमा हालसम्म नाईट्रोजन टपड्रेस भए बाला पसानउ अघि २ केजी १७५ ग्राम प्रति कठ्ठाको दरले युरिया मल टपड्रेस गर्नुपर्दछ।
- केही हप्तादेखि बर्षा कम भएसंगै धानमा गवारोको समस्या देखिन थालेकोले गवारोको प्रकोप भएको ठाउंमा थायोडिकार्ब ७५ डब्लु.पी. ( Thiodicarb 75% ) २ ग्राम प्रति लिटर पानीमा मिसाई पानी नपरेको बेलामा स्टिकर मिसाई छर्कनु होला। साथै गवारे कीराको नियमित अनुगमन गर्नु होला।
- आगामी साता सामान्य बर्षाको सम्भावना भएकोले मिली बगको व्यवस्थापन गर्न विषादी छर्कनु उपयुक्त हुंदैन। मिली बगको प्रकोप कम गर्न धान खेतभित्र र वरिपरि रहेका घांसपातहरु हटाउने र खेतमा पानीको सतह(५-७ से.मी) कायम राखिराख्न पर्दछ।

**धान खेतमा पात बेरुवा कीरा**

धान खेतमा पात बेरुवा कीरा ले नोक्सानी गर्ने समय भएकाले नियमित अनुगमन गर्नु होला। यो कीराको नोक्सानी कम गर्नको लागि : यो कीराको फुलहरु भएको पातको टुप्पो चुडेर नष्ट गर्ने, नाइट्रोजन युक्त मलको सन्तुलित मात्रा प्रयोग गर्ने, धान खेतको राम्ररी गोडमेल गर्ने , कांडेदार डोरी वा कांडादार लट्ठी लिई दुवै छेउमा समातेर दुई छेउमा बस्ने र धानलाई छुवाएर क्रमश : विपरित दिशातिर जाने। यसो गर्नाले धानको पातमा रहेका पात बेरुवाका लार्भाहरु पानीमा खसेर नष्ट हुन्छन्। साथै खेतमा यसको प्रकोप २५ देखि ३० प्रतिशतसम्म देखिएमा विषादीको प्रयोग नगर्नुहोला। ( यो अवस्थासम्म आर्थिक रुपमा क्षति नहुने सार्थ धान खेतमा भएका मित्र जीव कीराहरु नष्ट हुने भएकोले)

**मरुवारोग (ब्लाष्ट)**

**लक्षण**

यो रोग धानको गांज लाग्ने अवस्थामा पातमा लाग्ने रोग हो। पातको दुवै छेउ तिर चुच्चिएका अण्डाकार खैरा थोप्लाहरु देखिनु यसको लक्षण हो।यी थोप्लाको विचमा सेतो विन्दु हुन्छ र विस्तारै बढ्दै गई पातहरु डढ्दै जान्छ।

**रोगको व्यवस्थापन** :

वीम वा अन्य कुनै ट्राइसाइक्ल्याजोल युक्त विषादी १ ग्राम प्रति लिटर पानीमा मिलाई छर्ने वा कासु वी २ एम एल प्रति लिटर पानीमा मिसाई ७-१० दिनको अन्तरालमा २ पटक छर्ने।

**डढुवा रोग(ब्याक्टेरियल ब्लाइट)**

रोगको लक्षण: अक्सर पातको किनाराबाट पानीले भिजेको जस्तो लामा नागवेली धर्साहरु देखिन्छन्। पछि गएर यो भाग पराले रंगमा परिणत हुन्छ। रोगी पातलाई काटेर पानीमा भरेको सिसाको ग्लास वा टेष्ट ट्युवमा नचलाई राखेमा काटिएको भागबाट शाकाणु पानीमा झरेको प्रष्ट देखिन्छ। धान रोपेको ३(५ हप्ता पछि वोट ओइलाउछ।

रोगको शाकाणु वोटको पुरै भागमा फैलिन्छ र गांज ओइलाई मर्न थाल्छ यसलाई केसेक भनिन्छ। रोगग्रस्त वोटको डांठलाई काटी निचोर्दा हल्का पहेलो रंगको द्रव्य निस्कन्छ।

**रोगको व्यवस्थापन** :

वोटलाई सकभर घाउचोट लाग्नबाट वचाउने र धानको टुप्पा काट्ने चलनलाई हटाउने जसले गर्दा रोगका शाकाणु सजिलै साग वोट भित्र पस्न सक्दैन। एग्रीमासीन (१०० ( २ ग्राम प्रति ३ लिटर पानीका दरले मिलाई छर्ने। गाईको ताजा गोवर ५० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई त्यसलाई छानेर छर्दा यो रोग केही हदसम्म नियन्त्रण हुन्छ।

**खैरा रोग**

यो रोग कुनै खास जीवाणुबाट हुने नभई जिंक नामक सुक्ष्म खाद्य तत्वको कमीले गर्दा हुन्छ। लक्षण ः धान रोपेको १०(१५ दिन पछिनै देखा पर्दछ। शुरूमा बोटको तल्लो अर्थात पुरानो पात पहेलो भई पातको नशाको बिचमा बढी पहेलोपन देखिन्छ। यसरी पहेलोपन बढी हुनुको साथै पातमा खैरो रंगको अति साना साना थोप्लाहरूको धब्बा विकास भई पात पुरै बदामी खैरो रंगको हुन जान्छ। यस्ता बिरूवाको वृद्धि अति कम हुन्छ, बोट होचो हुन्छ, गाज कम लाग्छ र पुरै बोट मरेर जान पनि सक्छ।

**रोग व्यवस्थापन:**

खेतमा पानी निकासको राम्रो प्रबन्ध मिलाउने। लगाई सकेको धान बालीमा यो रोग देखा परेमा १७० ग्राम जिंक सल्फेट र ८५ ग्राम कृषि चून ३२ लिटर पानीमा मिलाई प्रति काका दरले आवश्यकता हेरी २(३ पटक १०(१२ दिनको फरकमा छर्ने वा बजारमा पाईने जिंक तत्व सुक्ष्म मलखाद्यको प्रयोग गर्ने।

२. उखु

- **उखु बालीमा पातको फड्के कीरा (Pyrilla)लाग्ने समय भएकोले यसको नियमित अवलोकन गर्नुहोला।**

**उखुको टुप्पोमा लाग्ने गवारो (Sugarcane top borer)**

यो समयमा उखु बालीमा यस कीको प्रकोप देखिने भएकाले नियमित अनुगमन गर्नुहोला।

**नोक्सानीको लक्षण** :

नयां गुवो मर्ने, शुरुमा पातको मूल नसामा सेतो ड्को स साना सुरुगहरु देखिन्छ , जुन ३/४ दिन पछि रातो रंगको हुन्छ। नयाा निस्केको पातको मूल नसा को दुवैति समानान्त प्वालहरु देखिन्छ। यसको प्रकोप बढ्दै गएमा मूल हांगाबाट धेरै हांगाहरु निस्कन्छन्।

३ आलु

- तराईमा आलु लगाउने समय आउन लागेकोले सिफारिस गरिएका कृफ्रि सिनदुरी, डेजिरे, खुमल रातो २, खुमल उज्ज्वल, खुमल उपहार मध्ये उपलब्ध जातहरुको गुणस्तरीय बीउ ५० किलो प्रति कठ्ठाका दरले व्यवस्था गर्ने। साथै डिएपी ७.३ किलो, युरिया ४.७ किलो, म्युरेट अफ पोटास ३.३ किलो र कम्पोट वा गोठेमल १००० किलो प्रति कठ्ठाका दरले व्यवस्था गर्ने।

**५.फलफूल बाली**

- केरा खेती गर्नु भएका कृषकहरुले केराको घारीमा प्रशस्त कोथाहरु आउने भएकोले माउबोटसंग २ वटा कोथा मात्र रहने गरि बांकी कोथाहरु हटाउनु पर्छ। कोथा हटाउन केराको घारीको कोथा फेदैदेखि उखेल्नु पर्छ।
- केराको घरीमा काईयो बनिसकेर कोसा लाग्न छोडेको छ भने बुङ्गा काटेर हटाउनु पर्दछ।
- कागतीका बोटहरुमा कल्ले कीरा, पतेरो, नयां पालुवामा लाग्ने लाही, पात खाने लाभ्रे, सुलसुले आदि बढी आउन सक्ने भएकोले पहिचान गरि नियन्त्रण गर्नुपर्दछ।
- वर्षातको समयमा पानी जमेर कागतीमा जरा कुहिने रोग देखा परेमा वा पुरै बोटमा पात पहेंलो देखिएमा १% बोर्डो मिश्रण बनाई जरा भिज्ने गरि ड्रेन्चिड गर्नुपर्दछ।
- कागतीको बोटको कापमा आउने नयां सीधा ठाडो बढ्ने हांगा (चोर हांगा) निरीक्षण गरी हटाउनु पर्दछ।
- आंपमा कलमी (Inarching)गर्ने उपयुक्त समय भएकोले बेर्ना उत्पादन गर्ने किसानहरुले कलमी गर्नुहोस्।

**तरकारी बालीहरु**

- भिण्डीमा फल र डांठमा प्वाल पार्ने कीराको प्रकोप हुने हुंदा नियमित अवलोकन गर्नुपर्दछ। यस्तो लक्षण देखिएमा क्षति भएको भाग काटेर जलाई दिनुपर्दछ।
- भिण्डीमा फड्के कीरा (Jassid) को समस्या देखिने हुनाले फल टिप्ने अवस्थाभन्दा पहिले यसको प्रकोप देखिएमा फिप्रोनील ८० डब्लु. पी. ५ ग्राम १६ लिटर पानीमा घोलेर छर्नुपर्दछ। वा इमिडाक्लोप्रिड १७.८ एस् एल् एक एम. एल. एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। फल टिप्ने अवस्था छ भने मालाथियन ५० इ. सी. २ एम. एल. एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। वा डाइक्लोरोभस ७६ इ. सी. २ एम. एल. एक लिटर पानीमा घोलेर छर्नुपर्दछ। मालाथियन छर्केको ७ दिनसम्म र डाइक्लोरोभस छर्केको ५ दिनसम्म फल टिप्न हुंदैन।
- भण्टाको डांठ तथा फलको गबारो व्यवस्थापनको लागि गवारोको कारण ओईलाएको मुन्टा, पात तथा फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने। क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.२ मि.लि. प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्नु पर्दछ।
- बर्षातको समयमा पानी जमे बोडीमा पात पहेंलिने समस्या देखिने हुंदा यसबाट जोगाउन पानी निकासको उचित व्यवस्था गर्नु पर्दछ।

**फल कुहाउने औंसा**

- फलफूल बालीमा फल कुहाउने औंसाबाट बच्नको लागि मिथायल इयुजिनल युक्त बोटल ट्र्याप प्रति कट्ठा १ ओटाका दरले राख्नुपर्दछ। साथै प्रत्येक २ हप्तामा नयां मिथाईल इयुजिनल युक्त बोटल परिवर्तन गर्नु पर्दछ।
- मालाथियन ५० इसी, २ एमएल प्रति लिटर र २ ग्राम चिनी (भेली) पानीमा मिसाएर प्रति हेक्टर २०-२५ ठाउंमा फूल फुल्नु अगाडिदेखि १-१ महिनाको अन्तरमा छर्नु पर्दछ।

# कहिले सुल्झिन्छ पशु चिकित्सा परिषद् विवाद

काठमाडौं । राजनीतिक तरलता र अस्थिरताले हरेक क्षेत्र अस्तब्यस्त छ । संक्रमणकालिन राज्यव्यवस्थाको कमजोरीलाई जग बनाएर जाल हाल्न जो कोही तम्तयार हुन्छन् । यही विषय नै आज हरेक क्षेत्रको पहिचान बन्दै गहिरहेको छ । हो, यही सेरोफेरोमा केन्द्रित हुदै पछिल्ला दिनमा पशु स्वास्थ्यका क्षेत्रमा जिम्मेबार ठानिएका व्यक्ति र संस्थाहरु पनि यस्तै बेथितिमा रमाउने र आ□नो स्वार्थसिद्ध गर्न व्यस्त छन् । सामान्य नागरिकको पहुाचले नभ्याउने र मध्यमतहका नागरिक र राज्यकै एउटा तहले त्यतिबढी नबुझ्केको भेटेरीनरी क्षेत्रमा अस्वस्थ खेल हुन थालेको छ । मानव स्वास्थ्य र पशु स्वास्थ्य एउटै सिक्काका दुइपाटा हुन भन्दैं वान हेल्थको" अवधारणा प्रस्तुत गर्ने पक्ष यतिवेला विवादको पारो रन्काउन उद्यत् छ ।

नेपाल पारा भेटेरीनरी एण्ड लाइभस्टक एशोशिएसन र नेपाल भेटेरीनरी एशोसिएसन बीचको विवाद त्रिपुरेश्वर हुादै सिंहदरवारसम्म पुगको धेरै वर्ष भयो । पारा भेटरीनरी प्राविधिकहरुको संगठन हो भने भेटेरीनरी एशोसियसन डाक्टरहरुको संगठन हो । झण्डै एकदशक यताबाट चलेको यी दुई संगठनबीचको जुहारी सडक आन्दोलन हुादै सदनमा समेत प्रवेश गरेको छ ।

वि.स. २०४६ सालको मंसिर ९ गते जन्मिएको पारा भेटेरीनरी र वि.स. २०२४ सालमा गठन भएको भेटेरीनरी एशोसिएन नेपाल चिकित्सा परिषदको एउटै अंग बन्नुपर्छ भन्ने कुरामा केन्द्रित हुादै दुवै संस्था प्रतिष्ठाको लडाइमा छन् । अहिले पशु चिकित्सा परिषद्मा भेटेरीनरी डाक्टरहरुमात्र छन् अर्थात पशु चिकित्सा परिषदको नियमन र उसको अंगका रुपमा भेटेरीनरी डाक्टरहरु मात्र हुन् । हुन त पशु चिकित्सा परिषद् डाक्टरहरुको लागि मात्र हो । यो व्यवस्था मानव स्वास्थ्यमा पनि छ । डाक्टरहरुको नियमन र लाइसेन्सको व्यवस्था चिकित्सक परिषद्ले मात्र गर्दछ । नेपालमा एउटै ऐनले पशु स्वास्थ्य र मानव स्वास्थ्यको नियमन गरेको छ । पछिल्ला दिनमा भेटेरीनरी क्षेत्रले छुट्टै ऐनको माग गरेपनि त्यो हुन सकेको छैन ।

पशु चिकित्सा परिषद् अन्तर्गत रहन व्यवहारिकरुपले ठिक नहुने निष्कर्ष सहित पारा भेटरीनरीले अलग्गै परिषद निमार्णका लागि पहल गर्ने निर्णय गऱ्यो । अलग्गै पारा भेटेनरी काउन्सील बनाउने तयारी २०६४ बाट शुरुभएसंगै त्यसमा राज्यको लगानी पनि भयो । तर भेटेनरी एशोशिएसनको आग्रह बमोजिक पारा भेटेरीनरी एशोशिएसनले आफ्नो छैठौं महाधिवेशनबाट अलग्गै परिषद् बनाउने निर्णय गऱ्यो । फलत. परिषद् निर्माणको लागि बनिसकेको मस्यौदा बनाउन मात्रै करोडको हाराहारीमा खर्च भएको पारा भेटनरी एशोशिएसनका महासचिव सुकबहादुर नेपाली बताउाछन् । अहिले आएर भेटेनरी डाक्टरहरु प्राविधिकहरुको जत्था आफुहरुको परिषद्मा मिसाउन नहुाने अडानमा छन् । गुणस्तरीय सेवा प्रवाहका लागि गुणस्तरीय जनशक्ति चाहिने र प्राविधिकहरुमा त्यस्तो अवस्था नरहेको कारण प्राविधिक र डाक्टर एउटै परिषद्मा रहन नसक्ने निर्क्योलमा रहेका डाक्टरहरुको दावीलाई व्यवहार त राम्रै हो,पशुपंक्षी विकाश मन्त्रालयका सहसचिवले भनेका छन् । उनका अनुसार गुणस्तरीयता र व्यवहारिकता अनि मानव स्वास्थ्यतर्फको व्यवस्थालाई हेर्ने हो भने भेटेनरी डाक्टरहरुको दावी र भनाईमा खोट लगाउने ठाउा छैन । यद्यपी डाक्टरहरुको एशोसिएसन भने दुवै संस्थालाई एउटै छातामुनि ल्याउन कुनै समय राजी थियो । तर अघिल्लो वर्षमात्र राजी भएको डाक्टरहरुको एशोसिएशन तीनसय चौसठ्ठी दिनमै किन तीनसय पैंसठ्ठी दिनमा पुग्यो त ? यक्ष प्रश्न पैदा भएको छ ।

नेपाल पशु चिकित्सा परिषद् ऐन् २०५५ को पहिलो संसोधन मस्यौदाका सन्दर्भमा देखिएका असमझदारीका विषयहरु पहिचानगरी समस्या समाधान गर्न पशुपंक्षी मन्त्रालय गठन नहुादै कृषि विकाश मन्त्रालयका सह सचिव काशीराज दाहालको संयोजकत्वमा समिति समेत गठन गरेको थियो । सो समितिको २०७२/०१/१० मा बसेको बैठकले गरेको निर्णयहरुको पहिलो नम्बरमा इक्ष्भ त्भचचभकतचष्बा बलघ्बा ज्भबतिज अयबम द्णझद्ध तथा सो सम्बन्धमा इक्ष्भ स्टाचुररी बडी बनाउने उल्लेख गरिएको छ ।

त्यस्तै नेपाल पशु चिकित्सा ऐन, २०५५ अन्तर्गत स्थापित गरिएको नेपाल पशु चिकित्सा परिषद्ले पनि २०६५ मै भेटनरी सर्भिसमा एउटा मात्र कतबतगतयचथ द्ययमथ हुनुपर्ने व्यवस्थालाई औंल्याउादै हालको नेपाल पशु चिकित्सा परिषद् ऐन २०५५ मा आवश्यक परिमार्जन गरी मस्यौदा तयार पार्न साधारण सभाले निर्णय गरेको जानकारी गराएको थियो । त्यस्तै पारा भेटेरीनरी प्रतिनिधिको संख्या ५ रहने समेत सर्वसम्मत निर्णय गरिरहेको छ । त्त दिनको बैठकमा नेपाल भेटेनरी एशोसिएशनका अध्यक्ष र तत्कालिन महासचिव वर्तमानका अध्यक्ष डा. शितलकाजी श्रेष्ठले हस्ताक्षर गरेका थिए । अहिले श्रेष्ठले पारा भेटेरीनरीहरु प्राविधिक, कम पढेका र तालिमेहरुमात्र भएकाले एउटै परिषद्मा रहन नसकिने तर्क गरिरहेका छ्न । यस सम्बन्धमा अध्यक्षको धारणा बुझ्न खोज्दा सम्पर्कमा आएतापनि यसविषयमा बोल्न चाहेनन् ।

सोही मितिको बैठकले गरेका निर्णयको बुादा नं. दशमा आवश्यक परिमानर्जन गरी सर्वसम्मत सुझावहरुलाई समेटेर लाने कुरा डा. नारायण घिमिरेले गर्ने उल्लेख छन् । स्रोतका अनुसार त्यो मस्यौदा तयार गर्न सरकारको करिब एक करोड रुपैया खर्च गरेको थियो । राज्यको त्यत्रो पैसा लगानी गरिएको सो मस्यौदा रद्दीको टोकरीमा हालेर पारा भेटेरीनरीयनहरुलाई तगारो किन हालियो र परिषदमा मिसिन दिन नहुने तर्क नै रहस्यमय छ । यही विषयलाई लिएर चलेको भेटेनरी डाक्टर र प्राविधिकहरुको शीतयुद्धले भेटेनरी क्षेत्रमा नकरात्मक असर पारेको पाइन्छ । पारा भेटेनरीका महासचिव नेपाली भन्छन्( कमलरी प्रथाको पुनरावृत्तिको शैलीमा डाक्टरहरुले हामीलाई दवाउन खोज्दैछन, तर हामी कुनै हालतमा दविन्नौ, बरु डाक्टरहरु आफै दबिन्छन् त्यो दबिने आधार स्वयं उनीहरुले नै खडा गरेका छन् ।

# दूध बिक्रीबाट प्रशस्त आम्दानी

स्याङ्जाका । स्याङ्जाको तिन्दोबाटे(६ झोल्पेका किसान टेकबहादुर दर्लामीले दूध बिक्री गरेर मासिक डेढ लाख रुपैयाा आम्दानी गर्ने गरेका छन् । सतहत्तर वर्षीय उनले सातवटा मुर्रा जातका भैासीबाट दैनिक ३५ लिटरसम्म दूध बिक्री गर्दै आईरहेका छन् । "काम गर्न उमेर छेक्दैन गर्नका लागि जाागर हुनुपऱ्यो," वृद्ध किसान दर्लामी भन्छन् ( "उत्पादन भएको दूध बिक्रीका लागि समस्या छैन घरसागै डेरी जोडिएकाले त्यही डेरीमार्फत दैनिक दूध बिक्री गरिरहेछु उनले कृषिलाई बताए ।

घरमा आफू र दुईवटी बुहारी भैासीका लागि घाास र दानापानीको व्यवस्थामा जुट्ने गरेको बताउंदै "यामअनुसार दूध बिक्रीबाट कहिले दुई लाखसम्मको विक्री हुने गरेको उनी बताउछन् । कहिले एक लाखमा पनि चित्त बुझाउनुपर्ने र सबै खर्च कटाएर औसत मासिक डेढ लाखसम्म बचत हुने उनको भनाई छ । युवा रोजगारीका लागि मुलुकबाहिर गइरहेका अवस्थामा स्वदेशमै पशुपालन व्यवसाय गर्न सके राम्रो आम्दानी हुने भएकाले युवालाई पशुपालनमा लाग्न दर्लामी सुझाव दिनुहुन्छ । पशुपालनका लागि आवश्यक पर्ने घाास खेतीसमेत गर्नुआएका उनले विभिन्न क्षेत्रबाट उत्कृष्ट कृषकका रूपमा सम्मानित भइसकेका छन् ।

# कागती खेतीतर्फ किसान आकर्षित

पाल्पा । आफूहरुले लगाउंदै आईरहेको मकै, गहु, तरकारीलगायत खेतीमा बाादरले नोक्सान पुऱ्याए पछि बाादरको आतङ्कबाट बच्नका लागि पाल्पा जिल्लाका ग्रामीण भेगमा कृषक अन्नबाली छोडी व्यावसायिक रूपमा कागती खेती गर्न थालेका छन् । उनीहरु ऋहिले व्यवसायिक रुपमा नै कागती खेती सुरु गरेका छन् ।

देउरालीका कृषक कृष्णप्रसाद गौतमले बारीमा एक सयभन्दा बढी कागतीको बिरुवा लगाएका छन् । उनले मकै र अन्य तरकारी खेती छाडेर यस वर्षदेखि कागती खेती सुरु गरेको बताउंछन् । छहरा अम्लाबासका कृषक बोधराज पोखरेलले पनि अन्य फलफूल खेती गर्न छोडेर कागती खेती सुरु गरेका छन् । दुई वर्षयता जिल्लाका कृषकले व्यावसायिक रूपमा कागती खेती गर्न थालेका छन् । अन्य बाली तथा फलफूल लगाउादा बाादरबाट जोगाउन कठिन भएका कारण अमिलो जातको फलफूलतर्फ आकर्षित हुन बाध्य भएका ठिमुरेका कृषक कमल खनाल भन्छन् ( "बारीमा मकै लगायो बोटमा घोगा लाग्न नभ्याउादै बाादरले खेती नष्ट गरिदिन्छ ।"

जिल्लाका ५० भन्दा बढी गाविसका कृषकलाई बाादरले सताएको छ । यम्घाकी कृषक वसन्ती बस्याल पनि बाादरबाट हैरान भएर अहिले अमिलो जातको फलफूल लगाउन थालेको बताउंछन् । मकै, गहु, कासेबाली, मेवा, सुन्तला बादरबाट जोगाउन नसकिएको किसानहरुले दुखेसो गरेका छन् ।

# धमाधम महाकाली नहर बन्दै

कञ्चनपुर । महाकाली सिचाइ आयोजना तेस्रो चरणअन्तर्गत कञ्चनपुरको भीमदत्त नगरपालिकामा सिचाइ नहर निर्माण भइरहेको छ ।

सो नहर बने कञ्चनपुर र कैलालीका मालाखेतीलगायत ३३ हजार ५२० हेक्टर क्षेत्रफल जमिनमा सिचाइ गर्न सकिने छ ।

सो आयोजनाको पहिलोचरणमा निर्माण भएको नहरले यहााको पााच हजार १०० हेक्टर क्षेत्रफल जमिनमा सिचाइ पुगेको थियो भने दोस्रोचरणमा ६ हजार ४०० हेक्टर जमिन सिञ्चित भएको थियो । तेस्रो चरणको नहर कैलालीको मालाखेतीसम्म पुऱ्याउने सरकारी योजना छ ।

सन् २०२२ सम्ममा सम्पन्न भइसक्नुपर्ने सो आयोजना अन्तर्गत १५१ किलोमिटर लामो नहर निर्माण गर्नुपर्ने र सो नहर निर्माण भए कञ्चनपुरसम्मका किसानलाई सिचाइको कुनै समस्या नहुने बताइएको छ । सो नहरको टनकपुर क्षेत्रको भारतीय भूमिमा करिब १.२ किलोमिटर नहर भारत सरकारले निर्माण गर्नुपर्ने एकिकृत महाकाली सन्धिको सम्झौता भएकाले १.२ किलोमिटर नहर निर्माणका लागि भारतीय पक्षसित समन्वय गरिरहेको इन्जिनियर विष्टले जानकारी दिए ।

# कृषि सचिव र मिसन प्रमुखबीच वार्ता



काठमाडौं । कृषि विकास विश्व बैंकको चौथौं कार्यान्वयन सहयोग मिसनका प्रमुख प्याट्रिक भेरिसिमो सहितको प्रमण्डलसांग भेटवार्ता गरेका छन् । भेटवार्तामा विश्व बैंकको आर्थिक सहयोगमा मन्त्रालयले कार्यान्वयनमा ल्याएको व्यवसायिक कृषि तथा व्यापार आयोजनाको वर्तमान अवस्था, प्राप्त उपलब्धी तथा देखिएका समस्या माथि छलफल भएको आयोजनाले जनाएको छ ।

मिसनका सदस्यहरुले कृषि विभाग, पशु सेवा विभाग तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशकसंग समेत छलफल गरेका थिए । काठमाडौं र ललितपुरका दुईवटा उपआयोजनाको स्थलगत भ्रमण गरी उपआयोजनाका लाभग्राहीहरुसांग अन्तरक्रिया गरेको बताइएको छ । यसैगरी मिसनले कास्की जिल्लाका चारवटा उपआयोजनाहरुको स्थलगत भ्रमण गरी स्थानीय बासिन्दाहरुसांग अन्तरक्रिया गरेको थियो । त्यस्तै गरी मिसनटोलीले पोखरामा आयोजित आयोजनाको वार्षिक समीक्षा गोष्ठीमा सहभागी भएका थिए ।

कृषि पत्रकार समाज, नेपाल र मेट्रो एफ.एम ९४.६ मेगाहर्जको संयुक्त प्रयास

नेपाली कृषि क्षेत्रको वर्तमान अवस्था, पशुपन्छी व्यवसायका चुनौती र नेपाली किसानहरुले भोग्नु परेका समस्याको चिरफार

रेडियो कार्यक्रम

किसान

मात्र मेट्रो एफ.एम ९४.६ मेगाहर्जमा

हरेक सोमबार बेलुका ६:३० देखि ७:०० बजेसम्म

# In Kenya, farmers see early rewards from adding legumes and trees to their farms

Legume crops like beans and peas (known collectively as pulses when



dry) are a versatile and affordable source of protein and other important nutrients. A mainstay of vegetarian diets, legumes play a critical role in meeting the protein needs of people who cannot access animal proteins such as meat and eggs.

The Legume CHOICE project is supplying farmers with their choice of seeds of beans and other legumes, which they grow for home consumption and sale. In addition, the farmers receive advice on how to grow the legumes and on better land management, part of which is growing useful trees and shrubs. In this way, the project aims to fully realise the potential of legumes to improve diets and livelihoods of people practicing mixed crop-livestock farming in East & Central Africa. It is currently active in Kenya, Ethiopia, and the Democratic Republic of Congo (DR Congo).

Climbing beans (Vigna sesquipedalis), one of the species being distributed under Legume CHOICE, can grow to a height of 3.5 metres and produce up to 4 tonnes per hectare, which is double the yield of common beans. "This makes climbing beans ideal for farmers with small plots," explains Maurice Shiluli, a researcher with Kenya Agriculture and Livestock Research Organization (KALRO).

Calliandra tree seedlings in a nursery. Photo by Danyell Odhiambo/ ICRAF

Calliandra tree seedlings in a nursery. Photo by Danyell Odhiambo/ ICRAF

Stakes are used to support climbing beans, and Legume CHOICE is also promoting the cultivation of Gliricidia and Calliandra [see report: Distribution of legume tree seedlings to farmers in Kenya.docx. Besides stakes, these agroforestry species with rich foliage provide fodder for livestock and raise the soil's fertility.

"Green manure from the trees' leaves and cuttings enhances soil fertility, which helps crop yields and farm income," says Ingrid Oborn, a researcher with the World Agroforestry Centre (ICRAF). "The trees can be intercropped with other crops in alleys, grown as hedge rows, spot planted, or planted in woodlots and rotations," adds ICRAF's Irene Okeyo, who is part of the project team. Following the distribution of legume seeds and tree seedlings in late 2015, the Legume CHOICE team caught up with farmers and traders in project sites in Kisii and Migori counties of Kenya, and discovered that the farmers were already reaping many benefits of growing legumes and tree shrubs on their farms, and were optimistic about the future.

# Tea Bonus negotiation may cause turmoil

SILIGURI: The annual festival bonus negotiation between tea planters and workers in Bengal, that always rides on a long discussion, debate or conflicts of interest, is not likely to get settled smoothly even on this year. While workers are



adamant to go aggressive with their demand, planters are not ready to accept that easily. The whole situation has put trading arena of West Bengal tea belt under uncertainty as tea bonus significantly influences festival season market there.The negotiation process between planter's organizations and trade unions involving over 300 organized gardens in foothills and hills with 4.5 lakh workers have already started but without any positive outcome yet. Since 2011, both sides are accepting 20% bonus with few exceptions of relief on case to case basis. "This year also, it cannot go lower. If needed, we will go aggressive," said Saman Pathak, senior leader of a conglomeration of tea trade unions and CITU DDarjeeling District Secretary. Interestingly, total 24 trade organizations of different political wings including CITU, INTUC, UTUC all are there hands to hands in the joint forum without INTTUC, the trade Unions of ruling party of the state TMC. The forum has already chalked out its aggressive movement to kick off on 24th with a centralized procession at Siliguri. "There are many other movement steps to follow," said Pathak.

However, alarmed with the situation, senior members of Forum of Trade and Industries of North Bengal said, "Tea bonus is too important here as it fuels the festive season trade of low cost items in rural markets that in turn influences premium sector markets at bigger towns." As per estimation, around 100 wholesalers and 10,000 retailers in Bengal tea belt form the low cost festive season

# *Small traders demand action against 'dishonest' middlemen*

Kathmandu : Small traders have called on the government for an effective and fair market monitoring which according to them would help discourage middlemen responsible for market irregularities.

Accusing the government of focusing market monitoring only on small-scale business, they said it were customs offices and middlemen who were cheating consumers.

Shiva Kunwar, proprietor of Makhan Galli-based 'Chaulagain Grocery Shop' said monitoring of just small shops was not an effective way to control market irregularities and this would not give any relief to consumers. He demanded action against those wholesalers who as he said were responsible for prompting market irregularities.

Shoba Sthapit who has been running a grocery store at Makhan Galli for the past one decade accused the government of only targeting small traders during the market monitoring.

However, small trader Hari Shrestha said time to time market monitoring from the government level made small traders like him aware of market ethics and consumers rights. Supply Secretary Shreedhar Sapkota explained the ongoing market monitoring launched by the government was aimed at bringing those responsible for market irregularities to book and thus controlling black market.

It may be noted that the Department of Supply Management and Protection of Consumers Interests has intensified market monitoring since mid-August

# *'Don't frighten businesspersons in the name of market monitoring'*

Kathmandu : In the wake of the concentrated market monitoring by the government, the business community has urged the government not to terrify businesspersons in the name of market monitoring.

At an interaction organized by Nepal Chamber of Commerce in the capital city today, the representatives from Federation of Nepalese Chamber of Commerce and Industry, Confederation of Nepalese Industry, and the Chamber itself suggested the government to make the market monitoring more practical. They expressed concern over the insulting behaviour meted out against the businesspersons.

FNCCI President Pashupati Murarka said, "Traders should not be treated as criminals. They should not be insulted." Chairman of Chamber of Commerce, Rajesh Kaji Shrestha, said the officials mobilized for monitoring should have proper knowledge of monitoring process and rule.

Following the complaints, Secretary at Ministry of Supplies, Shreedhar Acharya, made it clear that government never misbehaves with private sectors. The market monitoring was aimed at taking action against those violating ethics of fair trade. However, any government official insulting business persons won't be spared, he added.

# *Crops cover 5 per cent more area than year ago*

NEW DELHI: Crop planting this kharif season has so far covered nearly 5% more area than that at this time last year, with plentiful monsoon rains after two straight years of drought boosting farmer sentiment. Pulses have seen the biggest expansion in acreage at 34%, raising expectations of a bumper harvest of the protein-rich food that has been a major contributor to food inflation in the past year or so.

Meanwhile, monsoon data showed rains were 3% below normal since June 1. Still, India's 91 major reservoirs held 12% more water than at this time last year, suggesting better water availability for crops after the monsoon ends. At 102.147 billion cubic metres, these dams also held more water compared with the 10-year average.

# रासायनिक मल अभाव नहुने मन्त्रालयको भनाई

काठमाडौं । हरेक बर्ष श्रावण धान उत्पादनको समयमा अभाव हुने रासायनिक मल यो बर्ष भने नहुने कृषि विकास मन्त्रालयले जनाएको छ । कृषि विकास मन्त्रालय मातहतमा रहेको कृषि सामग्री लिमिटेड र साल्ट ट्रेडिङ् कर्पोरेशसनसंग प्रशस्त मात्रामा मल भएका कारण अहिले रासायनिक मलको अभाव नरहेको मन्त्रालयले जनाएको हो । कृषि विकास मन्त्रालयका प्रवक्ता डा योगन्द्रकुमार कार्कीका अनुसार डिएपी, पोटास र युरिया मलको अभाव हुन नदिनका लागि कृषि सामग्री संस्थान र साल्ट ट्रेडिङ कर्पोरेसनलाई करिव तीन लाख मेट्रिक टन मल आयात गर्न परिपत्र गरिएको छ ।

संस्थान र कर्पोरेसनले सरकारी अनुदानमा सो परिमाणको मल ल्याउनेछन् । अनुदानमा आएको मलमा कृषकले समेत निश्चित रकम छुट प्राप्त गर्नेछन् । मुलुकमा करिब पांच लाख मेट्रिक टन मलको माग हुने गरेकामा नपुग मल निजी क्षेत्रका कम्पनीले आयात गरी केही महङ्गो मूल्यमा बिक्री गर्ने गरेको समेत कार्कीले बताए ।



नेपालमा करिब १४ लाख २५ हेक्टर जमिन धान खेतीका लागि योग्य मानिएको छ । धान खेतीको समयमा केही मलको अभाव देखिएकाले सीमा क्षेत्रका जनताले आवश्यक मल साइकलमा ओसारेर पनि रोपाइ सम्पन्न गरेका थिए ।

मन्त्रालयका प्रवक्ता कार्कीले सरकारी अनुदान अन्तर्गत गत आवमा करिब रु पाच अर्ब ५० करोडको मल आयात गरिएको जानकारी दिए।

# अत्यधिक विषादी प्रयोग भएका तरकारी कालिमाटीबाट बल्खुतिर

काठमाडौं । कालिमाटी तरकारी बजारमा विषादी परिक्षण गर्न थालिएपछि बिस्तारै बिस्तारै कालिमाटी तरकारी बजारमा अत्यधिक विषादी प्रयोग गरिएका तरकारीहरु बिक्रीका लागि आउन छाडेपनि अन्य बजारमा भने अत्यधिक विषादी प्रयोग गरिएका तरकारी बिक्रीका लागि किसानहरुले ल्याउन थालेको प्रमाणित भएको छ ।



कालिमाटी तरकारी बजार नजिकै रहेको बल्खु कृषि तथा फलफूल तरकारी बजारमा विषादी प्रयोग भएको तरकारीहरु आउने गरेको सूचना पाएपछि बाली सरक्षण निर्देशनालयले स्थानीय प्रशासनको सहयोगमा गरेको अनुगमनमा व्यापारीले बेच्ने तरकारीमा मानवस्वास्थ्यमा प्रतिकूल असर गर्ने विषादी प्रयोग भएको फेला परेपछि सो कुराको पुष्टि भएको छ ।

सो बजारमा बिक्रीका लागि राखिएका परवर, लौका कांको, करेला गोलभेंडा र घ्यु सिमी लगायतको ८ वटा तरकारीको नमुना संकलन गरेर परीक्षण गरिएको थियो । नमूना संकलन गरी परीक्षणको क्रममा काभ्रे पांचखालबाट आएको ५० किलो तितेकरेलामा प्रयोग नै गर्न नमिल्ने अवस्थामा विषादी फेला परेको बाली संरक्षण निर्देशनालयका कार्यक्रम निर्देशक डा.डिल्लीराम शर्माले बताए । विषादीका अवशेष अत्यधिक भएकाले सो तरकारी सुरक्षाकर्मी र प्रशानसनको सहयोगमा नष्ट गरिएको समेत उनले बताए ।

किसानले बढी उत्पादन लिन मानवस्वास्थ्यमा ख्याल नै नगरी अत्याधिक मात्रामा विषादी प्रयोग गरेको तरकारी कालिमाटी तरकारी बजारमा नल्याई बल्खु तरकारी बजारमा बिक्री गर्ने गरेको उपभोक्ताको गुनासो पछि बालीसंरक्षण निर्देशनालयले बल्खु तरकारी बजारको तरकारी समेत निगरानीमा राख्दै परीक्षण गर्न ल्याबलाई निर्देशन दिएको थियो।

सरकारले कालिमाटी तरकारी बजारमा २०७१ असारदेखि विषादी परीक्षण गरेरहेको छ । 'वर्षायाम सुरू भएसागै किसानले तरकारीमा विषादीको मात्रा बढी प्रयोग समेत गर्ने गर्दछन्', तरकारीको अफसिजन सुरु भईसकेकाले वर्षामा बढी किरा लाग्ने हुदा विषादीको प्रयोग बढी हुन्छ ।'

ल्याबले तरकारीमा प्रयोग हुने दुई प्रकारको विषादी कार्बोमेट र अर्गानो फस्फेट परीक्षण गरिरहेको छ । निर्देशनालयले तरकारीमा विषादी को परीक्षण गर्दा विषादीको मात्रा हेरी तीन प्रकारमा वर्गिकरण गरेको छ । रातो (खानअयोग्य), पहेलो (केही समय राखेर खान मिल्ने) र हरियो (तत्काललै खान मिल्ने) भनी निर्धारण गरेको छ ।

विषादी अवशेष द्रूसंरक्षण निर्देशनालयको निर्देशन लगत्तै ल्याबले तरकारीको नमुना संकलन गरेर विषादी परीक्षण गर्दा तरकारीमा विषादी फेला परेको थापाले बताए । द्रुत विश्लेषण इकाईकाले परीक्षणलाई तरकारी गोदामघर, ट्रक, होलसेल र खुद्राबाट लिई परीक्षण गरिरहेको छ । विषादी प्रयोग गरिएका तरकारी तथा फलफूलको परिक्षण गर्दा विषादी फेला परेका नष्ट गर्ने गरिएकाले व्यापारी तथा किसानहरुले कालिमाटी तरकारी बजारमा विषादी प्रयोग गरिएका तरकारी लैजान छाडेका छन् । बरु उनीहरुले विषादी चेकजांच नहुने बल्खु तरकारी बजार, बागबजारको टुकुचा तरकारी बजार, नयां बानेश्वरको तरकारी बजार चावहिलको तरकारी बजारमा लगेर बिक्री वितरण गर्न थालिएको किसानहरु नै बताउंछन् ।

# म्याग्दीबाट करीव पांच हजार मेट्रिक टन तरकारी निकासी

म्याग्दी । म्याग्दीमा कृषि उपज निकासीबाट एक वर्षको अवधिमा ३३ करोड रुपैयाँ आम्दानी भएको छ । आर्थिक वर्ष २०७२/७३ मा कृषकले आठ हजार १५९ मेट्रिक टन कृषि विभिन्न उपज निकासी गरेर ३३ करोड ४६ लाख ४५ हजार रुपैयाा आम्दानी गरेका हुन् ।

जिल्ला कृषि विकास कार्यालयका अनुसार राम्चे, हिस्तान, शिख, घारलगायतका गाविसमा उत्पादन भएको चार हजार ७१८ मेट्रिक टन आलु निकासीबाट १९ करोड ३९ लाख छ हजार आम्दानी भएको थियो । बास्कुना, मरेक, बरञ्जा, देवीस्थान, बिम, दोसल्ले, घार, भुरुङ तातोपानी र नारच्याङबाट ६ करोड ७२ लाख बराबरको एक हजार ५ सय मेट्रिक टन सुन्तला निकासी भएको थियो ।

यसैगरी रत्नेचौर, घतान, सिंगा, राम्चे, हिस्तानलगायतका स्थानबाट ७ करोड ३५ लाख ३४ हजार बराबरको एक हजार ९ सय ४१ मेट्रिक टन गोलभेंडा, बन्दा, काउली, काक्रो, घिरौला, भन्टा, खुर्सानी, सिमी, मुला, साग, धनियाँ, बोडीलगायतका तरकारी निकासी भएको थियो ।

म्याग्दीको कृषि उपज पर्वत, बागलुङ, चितवन, काठमाडौं, मुस्ताङ र पोखरामा निकासी हुने गरेको कार्यालयका योजना अधिकृत ज्योति क्षेत्रीले बताए । गत आवमा जिल्लामा ४६ करोड ५८ लाख ८२ हजार मूल्य बराबरको ११ हजार ६६० मेट्रिक टन सुन्तला, तरकारी, अदुवा, कफी, केरा, मह, आलु, माछा र च्याउको व्यापार भएको थियो । अघिल्लो आवमा ४५ करोड ६३ लाख २४ हजार बराबरको कृषि उपज उपज निकासी हुदा २५ करोड २८ लाख ७० हजार बराबरको आम्दानी भएको थियो । व्यवसायिक खेती बिस्तारले यहा रोजगारी सिर्जना, उत्पादन बृद्धि, आयात प्रतिस्थापन र कृषकको आर्थिकस्तरमा पनि सुधार आएको छ ।

रत्नेचौरका कृषक नीरबहादुर थापाले गोलभेडा बिक्री गरेर एकैदिन १८ हजारसम्म आम्दानी भएको बताए। "बजारको माग र आवश्यकता पहिचान गरेर उत्पादन गर्न सकेमा तरकारीले राम्रो बजार र मूल्य पाउछ थापाले भने । म्याग्दीको दुई हजार ८६६ हेक्टर क्षेत्रफलमा व्यावसायिक खेती हुने गरेको छ ।

व्यावसायिक खेतीबाट म्याग्दीमा एक हजार ३०३ जनाले नियमित र ३० हजार ५२३ जनाले मौसमी रोजगारी पाएका छन् । ग्रामीण बस्तीमा सडक विस्तारसागै यातायातको सुविधा र बजारमा पहुाच बढेपछि कृषि उपजले बजार पाएको हो । म्याग्दीलाई तरकारीमा आत्मनिर्भर बनाउन आलु र सुन्तलाखेती विस्तार एवम् बजार प्रवर्द्धनमा प्राथमिकता दिइएको वरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताए।

# गबारो लागेपछि किसान चिन्तित

महेन्द्रनगर । कञ्चनपुरमा धानबाली रोपेको छोटो समयमै विभिन्न प्रकारका रोग देखिन थालेपछि किसान चिन्तित बनेका छन् । खेती गरिएको अधिकांश धानबालीमा गबारो र पात बेरुवा रोग देखिएको जिल्ला कृषि विकास कार्यालय कञ्चनपुरले जनाएको छ । माउ पुतली किराबाट लाग्ने रोगको सङ्क्रमण धानबालीमा फैलिदै गएको छ । किसानले धानबालीमा पात सुक्न थालेका र बोटको बीचको भाग कुहिन थालेका पीडा जिल्ला कृषि विकास कार्यालयमा सुनाएका छन् । बागफााटा, खैरभट्टी, वनकट्टी, ऐरी ओदालीका साथै जिल्लाको अन्नभण्डार मानिने दक्षिणी क्षेत्रमा समेत धानबालीमा रोग देखिएको छ । १० प्रतिशत धानबालीमा पात ओइलाउने समस्या देखिएको बताउदै जिल्ला कृषि विकास कार्यालय कञ्चनपुरका वरिष्ठ कृषि विकास अधिकृत टीकाराम थापाले सचेतना अपनाउन किसानलाई आग्रह समेत गरे। उनले धानमा देखिने किरा नष्ट गर्ने घरेलु उपाय अपनाउन सक्ने भए पनि त्यसो नगरिएका कारण पनि बढी प्रकोप देखिएको बताए । पुरानो बीउलाई नै निरन्तरता दिनुका साथै किसानले बीउको ख्याल नगर्दा यसप्रकारका रोग देखिएको उनको भनाइ छ ।






आफ्नो अधिकारको खोजी गर्दा अरुको अधिकार एवम् प्रचलित नियम कानूनको ख्याल गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# कृषिको नीतिले मात्र उत्पादन बृद्धि हुँदैन



महेन्द्रनाथ पौडेल
वरिष्ठ कृषि अर्थ विज्ञ
कृषि विकास मन्त्रालय

**० नेपालको कृषि क्षेत्रमा वैदेशिक लगानी बढिरहेको छ यसलाई कसरी हेर्नुहुन्छ ?**

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । मुलुकको समग्र आर्थिक विकासमा कृषि क्षेत्रको प्रमुख योगदान रहेको कारणबाट पनि यसमा लगानी बढ्नु स्वभाविक हो । अर्को कुरा कृषि क्षेत्र दुइतिहाई जनताको जिवीकोपार्जनको श्रोत हो भने कृषि क्षेत्रबाट नै औद्योगिक क्षेत्रको लागि आवश्यक पर्ने कच्चा पदार्थ र रोजगारीको प्रमुख श्रोतको रुपमा रहेको हुनाले कृषिको विकास बिना समग्र आर्थिक विकास सम्भव छैन भन्ने सोच नेपाल सरकारले लिएका कारण पनि कृषि क्षेत्रमा लगानी बृद्धि हुँदै गएको हो ।

**० तर विदेशी गैरसरकारी संस्थाहरु समेत अन्य क्षेत्रमा काम गर्ने भनेर स्वीकृत पाएको भएपनि कृषिमा नै सक्रिय हुन थालेका छन् नि त ?**

नेपाल सरकारको लगानीको प्राथमिकताको क्षेत्रमा कृषि क्षेत्र छ । अधिकांश नागरिकहरुको मुख्य पेशा आम्दानीको श्रोत कृषि भएकोले गरिवी उन्मूलनको एउटा रणनीति नै कृषि क्षेत्रको विकास रहेको छ । नेपालमा काम गर्ने गैरसरकारी संस्थाहरु पनि अधिकांश गरिवी उन्मूलनका लागि कै काम गरिरहेकाले ती संस्थाहरु कृषिमा लगानी गरेको हुन सक्छ । अर्को कुरा हरेक योजनाहरुमा प्रत्येक बर्ष बार्षिक कार्यक्रमहरु पनि कृषिलाई नै प्राथमिकतामा राख्नु पर्ने र कृषिमा लगानी गर्नु पर्ने सरकारी नीतिको कारणले पनि यो अनिवार्य जस्तै भईसकेको छ ।

**० तर गैरसरकारी संस्थाहरुले कृषिको लागि गरिएका लगानी त कागजमा मात्र सिमित छ भन्छन् त ?**

यसलाई कागजी रुपमा मात्र भन्दा पनि नेपाल सरकारको राष्ट्रिय बजेट प्रणालीमा पूर्णतया आवद्ध हुन सकिरहेको छैन । कतिपय लगानी राष्ट्रिय बजेट प्रणालीभन्दा बाहिरबाट लगानी भएको देखिन्छ । त्यसको मतलव नेपाल सरकारको प्राथमिकता क्षेत्रमा लगानी नै नभएको भन्न मिल्दैन । तर कृषि क्षेत्रमै भएका लगानी पनि नेपाल सरकारको प्रणाली भन्दा बाहिरबाट र मन्त्रालयसंग समन्वय नै नगरी गरेको पनि देखिन्छ । त्यसकारण प्राविधिक सहायतका लागि आएका बजेटलाई पनि राष्ट्रिय बजेट प्रणालीमा ल्याउन सक्यो भने मन्त्रालयहरुवीचको समन्वय राम्रो हुन्छ ।

**० दातृ निकायहरुले गर्ने गरेको सहयोग उत्पादकत्व बृद्धि गर्ने भन्दा पनि तालिम गोष्ठि भ्रमणमै बढी केन्दित छ भन्ने आरोप पनि छ नि त ?**

यसलाई हामीले दुईवटा पक्षबाट हेर्नु पर्दछ । पहिलो पक्ष के हो भने कृषिका कार्यक्रमहरु धेरै जसो सफ्टवेयर प्रविधिका छन् । जस्तै कृषि प्रसारका कुराहरु, किसानहरुलाई सचेत गराउने कुराहरु, किसानहरुलाई प्रविधिको बारेमा जानकारी दिने विषय झट्ट हेर्दा सफ्टवेयर जस्तो लाग्दछ । दातृ निकायहरुले सफ्टवेयर क्षेत्रमा लगानी गर्नुको मुख्य कारण ग्रामिण स्तरका किसानहरु बैज्ञानिक तवरले कृषि गर्ने कुरामा पछि परेका कारण कृषि प्रविधि प्रसारको क्रममा क्षमता अभिबृद्धि र उनीहरुको संस्थागत विकासमा गरेको देखिन्छ । महत्वपूर्ण कुरा के हो भने नेपालको उत्पादकत्व बृद्धि गर्ने विषयमा राष्टि्रय तथा अन्तर्राष्टि्रय गैरसरकारी संस्थाहरु एकीकृत रुपमा जानुपर्ने आवश्यक छ ।

**० दातृ निकायहरुले कृषि क्षेत्रमा गरेको लगानी पारदर्शि हुँदैन भन्छन् । यस्तो अवस्थामा एकीकृत रुपमा जान सक्छ ?**

मेरो विचारमा विकास सहायता नीति २०७१ लाई अनुसरण गर्नु पर्दछ । त्यसका लागि सवैभन्दा उत्तम विकल्प भनेको दातृनिकायहरुको खर्च पनि राष्ट्रिय प्रणालीमा नै ल्याउन सक्नु पर्दछ । दातृनिकायहरुसंग सम्झौता कै चरणमा लेखाप्रणाली एवं वित्तिय व्यवस्थापनको पक्ष उनीहरुकै प्रक्रियामा गर्ने शर्तमा सम्झौता गरेका कारण पारदर्शिताका कुरामा प्रश्न उठ्न गर्दछन् । कृषि विकास मन्त्रालयले चाहि विकास सहायता नीति अनुसार नै हुनुपर्दछ भनेर दातृ निकायलाई पहल गरिरहेका छौं । जसले कृषिमा भएको लगानीलाई पारदर्शितका लागि मद्दत गर्दछ । अर्को कुरा नेपाल सरकारले जारी गरेको कृषि विकास रणनीतिले परिलक्षित गरेको क्षेत्रहरु वा उपक्षेत्रहरुमा लगानी गर्नुपर्दछ भन्ने मन्त्रालयको मुख्य धारणा रहेको छ ।

**० दातृनिकायहरुले गर्ने लगानीलाई उत्पादकत्व बृद्धि गर्ने तर्फ लगाउन किन सकिएन ?**

हाम्रो उदेश्य र दातृ निकायहरुको उदेश्यनै उत्पादकत्व बृद्धि गर्नु नै हो । तर हामीले जति पनि लगानी गरिरहेका छौं त्यसले आशातित उत्पादकत्व बृद्धि र प्रतिफल प्राप्त गर्न सकेका छैनौं । यद्यपी हामीले उत्पादन नै बढाउनका लागि कृषि सामग्रीहरुमा लगानी गर्नुपर्ने, विशेष गरी बीउ, मल र पूर्वाधारहरुमा लगानी गर्नु पर्दछ । पूर्वाधार विकास गर्ने विषयमा कतिपय दातृनिकायहरुको नीतिमा परेको देखिंदैन । कृषि क्षेत्र भन्नाले नितान्त उत्पादनका कुराहरुलाई मात्र लिनु हुदैन । उत्पादनका लागि आवश्यक पर्ने सिचाई सुविधा अन्य पूर्वाधारहरुमा पनि लगानी गरेको अवस्था भने छ । तर यसले कृषि क्षेत्रको उत्पादन गर्ने थलोहरुसंग जोडिएर एकीकृत रुपमा जानु पर्ने हो त्यसरी नगएका कारण उत्पादकत्व बृद्धि हुन नसकेको हो । यसलाई हामीले अहिलेको कृषि विकास रणनीति मार्फत उत्पादकत्व बृद्धि गर्नका लागि आवश्यक पर्ने पूर्वाधार, सिचाई, रासायनिक मल, कृषि ऋणलाई समेत एकीकृत रुपमा लैजानु पर्दछ भनेका छौं । यसका लागि नीतिगत सुधारका प्रयासहरु थालनी भईसकेका छन् ।

**० नीति बने कार्यान्वयन भएन । दातृनिकायहरुको लगानीमा मन्त्रालयले पहुंच बृद्धि गर्न सकेन भन्ने कुरा त स्पष्ट देखिन्छ त ?**

यो मन्त्रालयले दातृ निकायको लगानीमा पहुंच पुऱ्याउन सकेन भन्दा पनि नीतिगत कुरालाई पनि तल्लोतहसम्म वा भनौं उत्पादन थलोसम्म कार्यान्वयन गर्ने कुरामा मन्त्रालयको एकल प्रयासले सम्भव छैन । यसमा निजी क्षेत्र र किसानहरु पनि जागरुक हुनु पर्दछ । सरकारका केही कमी कमजोरी अवश्य पनि छन् । उत्कृष्ट नीति तयार गर्ने कुरामा हामी विश्वमा धेरै अगाडि छौं । त्यसका लागि विदेशी विज्ञ आवश्यक छैन । तर कार्यान्वयन पक्ष कमजोर छ । त्यसको प्रमुख कारण राजनीतिले असर पारेको छ । हरेक सरकार फेरिएपछि नीति कार्यान्वयमा समस्या उत्पन्न हुने गर्दछ । कृषिको नीतिले मात्र उत्पादन बृद्धि हुदैन त्यसका लागि भू उपयोग नीतिको कुरा जोडिन्छ त्यसलाई हामीले सम्वोधन गर्न सक्छौ कि सक्दैनौ त्यो कुन मन्त्रालय मातहतमा पर्दछ भन्ने कुरा पनि आउछ । सिंचाई, उर्जा धेरै कुरा कृषिसंग जोडिएका कारण ती सवै कृषि विकास मन्त्रालयको नियन्त्रण भन्दा बाहिर छ ।

**० कृषि क्षेत्रको विकासका लागि कृषि विकास मन्त्रालयले नीति बनाउंछ तर कार्यान्वय गर्न सक्दैन हो ?**

नीति बनाएर कार्यान्वयन नै हुन नसकेको भन्ने होइन । तर नीतिमा भएका विषयबस्तुलाई सोही अनुरुपका श्रोत साधनहरु परिचालन गर्न नसकेको अवस्था भने पक्कै हो । विगत तीन चार बर्ष यता हेर्ने हो भने कृषि क्षेत्रको लगानी उल्लेख्य बृद्धि भएको देखिन्छ । ती लगानीलाई सुरक्षित गराउनका लागि पनि नीतिगत रुपमा भएका व्यवस्थालाई समन्वयात्मक रुपमा अवलम्वन गर्न सक्यौ कृषिमा ठूलो फड्को मार्न सकिन्छ । - वैकुण्ठ भण्डारी



आधुनिक कृषि प्रविधिको लागि
NAF Seeds Pvt. Ltd.
Contact:
Ph:+ 977-01-5538748,9851066977 Fax: + 977-01-5534428
Email: nafseeds@gmail.com |www.nafseed.com

हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः बागबजार, फोन नं: ९८५१०५९४५५,पो.व.नं.:४३१२, ई-मेलः sajnepal@gmail.com, मुद्रणः श्वेतकाली छापाखाना, कार्यकारी सम्पादक : योगेन्द्र प्रताप शाही सम्पादकः वैकुण्ठ भण्डारी